# निजगढ नगरपालिकाका कार्यकारी अधिकृत श्री विमल कुमार पोखरेल ज्यूबाट प्रस्तुत

## आर्थिक वर्ष २०७३।२०७४ को बजेट, निति र कार्यक्रमः

सर्वप्रथम यस गरिमामय निजगढ नगरपालिकाको तेश्रो नगर परिषदमा पाल्नु हुने प्रमुख अतिथि पूर्व यूवा तथा खेलकुद मन्त्री माननीय सभासद श्री पुरुषोत्तम पौडेलज्यू, विशिष्ठ अतिथिहरु, नगर विकास समितिका अध्यक्ष ज्यू, उद्योग वाणिज्य संघका प्रमुख ज्यू, विभिन्न कार्यालयवाट पाल्नु भएका कार्यालय प्रमुखज्यूहरु, विभिन्न राजनितीकदलबाट पाल्नु भएका प्रमुख वा प्रतिनिधि ज्यूहरु, पूर्व गा.वि.स.का अध्यक्ष, उपाध्यक्ष ज्यू, वडा नागरिक मञ्चका प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु, आमा समूहहरु, बाल क्लब, गैर सरकारी, संघ संस्थाबाट पाल्नु हुने महानुभावहरु, अपाङ्ग संघ, संगठनवाट पाल्नु भएको प्रतिनिधिहरु तथा अन्य अतिथि गणहरुलाई हार्दिक स्वागत गर्दछु । साथै यस निजगढ नगरपालिकाको तेस्रो नगर परिषद बैठक सम्पन्न गर्न पाउँदा आफुलाई गौरवान्नित सम्झेको छु ।

सर्वप्रथम त यस गरिमामय परिषदबाट यस मुलुकलाई उल्लेखनीय उपलब्धी हासिल गर्न सहयोग गर्ने ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली ज्ञापन गर्दछु ।

जनप्रतिनिधि विहिनताको अवस्थामा विविध समस्याहरुलाई कहिले एउटा राजनितिज्ञ झै र कहिले कर्मचारीको आचार सहिताहरु पालना गर्दै कार्य गर्न पाउंदा आफ्नो जीवनमा समेत महत्वपुर्ण अवसर पाएको अनुभुत भएको छ । थुप्रै चुनौतीहरु छन साथै चुनौतीसंगै अवसरहरु पनि छन् । समस्याहरु रहेका छन् साथै समाधान पनि साथ साथै छन् । यस संक्रमणकालिन अवस्थामा यस्तो गरिमामय पदमा रही राष्ट्र सेवा गर्न पाउँदा आफुलाई गौरन्वीत सम्झीएको छु । स्थानिय आवश्यकता र औचित्य पहिचान गरी स्थानिय तहबाट समाधान खोज्ने सवालमा स्थानिय निकायहरुको अतुलनिय भूमिका रहेको हुन्छ । स्थानीनयस्तरका योजना छनौट प्रकृया र पद्धती वास्तवमा सहभागितामुलक योजना पद्धतीको एउटा सुन्दर नमुना पनि हो । वर्तमान संविधानमा भएको तीन तहको सरकारको अवधारणामा समेत स्थानीय निकायको भुमीकाले समग्र जनताको स्वायत्तता तथा सहभागितालाई स्वीकारिएको तथा जनतासंग रहेर कार्य गर्ने सवै भन्दा नजिकको सरकारकोरुपमा रहेको विषय स्पष्ट गरेको छ । संविधानमा नै स्थानीय निकायको अधिकार र प्रतिनिधिमुलक प्रणालीको खाका तयार गरिएकोले यस निकायलाई थप जीवन्त वनाउन वल पुगेको छ ।

आदरणीय प्रमुख अतिथिज्यु तथा नगरवासीहरु,

अव म आ.व. २०७१/२०७२ को वजेटको समिक्षा यहांहरु समक्ष प्रस्तु[illegible] गर्नेको छु । आ.व. २०७१/२०७२ मा राजश्व वाडँफाडँ (घरजग्गा रजिष्ट्रेशन) वाट कुल ३५ लाख २९ हजार, आन्तरीक आय वाट रु ३५ लाख ९५ हजार, नेपाल सरकारवाट चालु अनुदान तर्फ रु ४९ लाख ९० हजार र पुजीगत तर्फ रु ३ करोड ३५ लाख १७ हजार समेत चालु तथा पुजीगततर्फ कुल नेपाल सरकारवाट आम्दानी रु ३ करोड ८५ लाख १७ हजार .भएको थियो । आ.व. २०७१/२०७२

मा कुल वजेट रु ५ करोड ५८ लाख ५० हजार ५ सय अनुमान गरिएकोमा वास्तविक आय रु ४ करोड ५६ लाख ३१ हजार भएको थियो । सो वर्षमा खर्चतर्फ चालुतर्फ रु ७८ लाख ३६ हजार खर्च भएको छ भने पुजीगततर्फ कुल खर्च ४ करोड ७ साल ६८ हजार खर्च भएको थियो । आ.व २०७१/२०७२ मा विभिन्न विशेष कोषहरु व्यवस्था गरिएकोमा वातावरणी ब्यवस्थापन विशेष कोषमा रु ६ लाख ४७ हजार आम्दानी भएकोमा खर्च रु ५ लाख ८५ हजार, गरीवि निवारण तथा सामुदायिक विशेषकोषमा रु ३९ लाख १७ हजार आम्दानी भएकोमा कुल खर्च रु ३० लाख ७७ हजार, मर्मत सम्भार विशेष कोष तर्फ कुल आम्दानी रु ३४ लाख ०४ हजार भएकोमा रु ३३ लाख २१ हजार खर्च भएको थियो । दैवि प्रकोप उद्धार विशेष कोषमा कुल आम्दानी रु २ लाख ७५ हजार भएकोमा कुल खर्च १ लाख ५७ हजार भएको थियो ।

आदरणिय महानुभावहरु,

अव म २०७३।२०७४ को बजेट, निति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## आर्थिक वर्ष २०७३।२०७४ को बजेट, निति तथा कार्यक्रमहरुः

आ.व. २०७२/२०७३ तर्फ कार्य भई रहेको हुदाँ सो निति तथा कार्यक्रमहरु सामान्य सम्सोधन गरी केही नितिहरुमा परिवर्तन गरेको छु । आ.व २०७२/२०७३ को यथार्थ आम्दानी खर्च आगामी चौथो परिषदमा पुर्ण विवरणका साथ पेश हुने वाचा गर्दै अब म आर्थिक वर्ष २०७३।२०७४ को प्रस्तावित निति, कार्यक्रम र बजेट सार्वजानिक गर्न गइरहेको छु ।

आ.व. २०७३।२०७४ मा कुल ब्यय अनुमान रु १४ करोड ९७ लाख ६८ हजार प्रस्ताव गरेको छु । जसमा चालु तर्फको ब्यय ३ करोड ९२ लाख ५८ हजार रहेको छ भने पुजिगत तर्फको ब्यय ११ करोड ५ लाख १० हजार रहेको छ ।

चालु तर्फको ब्यय ब्योहोरिने स्रोतहरुमा आन्तरीक आयबाट रु १ करोड ५ लाख २५ हजार, नेपाल सरकारवाट चालु निशर्त अनुदान रु ४१ लाख, सामाजिक सुरक्षा भत्ता रु २ करोड, स्थानिय शासन तथा सामुदायीक विकास कार्यक्रम तर्फ रु ३५ लाख, राष्ट्रिय योजना आयोगवाट रु २ लाख ८ हजार समेत जम्मा चालु आय रु ३ करोड ८३ लाख तेत्तिस हजार पेश गरेको छु । साथै पुजीगत आयतर्फ नेपाल सरकार पुजिगत निशर्त अनुदानवाट रु ३ करोड १५ लाख २५ हजार, लागत सहभागीतावाट रु १ करोड, भवन निर्माणको लागी रु २ करोड, मालपोत, वन तथा जिल्ला विकास समितिवाट रु ७५ लाख, जनसहभागिताबापत रु १ करोड २० लाख , अन्य निकायवाट अनुदान तथा ऋृण रु २ करोड ४० लाख तथा सडक बोर्ड नेपाल अनुदान रु.१७ लाख समेत कुल पुजीगत आय १० करोड ६७ लाख २५ हजार अनुमान गरेको छु ।।

चालु आय र पुंजीगत आय कुल रु १४ करोड ९७ लाख ६८ हजार मध्येमा न्युन वजेट रु ४७ लाख १० हजार पेश गरेको छु । जुन जनसहभागीता, मालपोत, वन, जि.वि.स. र तालुक मन्त्रालयवाट थपभई आएमा पुर्ति हुने अनुमान गरेको छु ।

**<u>लक्षीत वर्गको वजेट व्यवस्था</u>**

स्थानिय निकाय आफै स्वायक्त संस्था भएको र प्रचलीत कानुनमा व्यवस्था भएवमोजिम कुल निशर्त अनुदान रकम रु ३ करोड १५ लाख २५ हजार मध्ये रु ७० लाख समपुरक कोषमा वजेट व्यवस्था गरी वांकी रकमवाट १० प्रतिशत सवै जातजातिका महिला लक्षित कार्यक्रममा रु २४ लाख ५२ हजार ५ सय, सबै जातजातिका वालवालिका लक्षित कार्यक्रमतर्फ १५ प्रतिशतले हुने रु ३६ लाख ७८ हजार ७ सय ५०, अन्य लक्षित कार्यक्रमतर्फ १५ प्रतिशतले हुने रकम रु ३६ लाख ७८ हजार ७ सय ५० व्यवस्था गरी वांकी रकममा अन्य पुजीगत रकम समेत एउटै डालोमा समावेश गरी ६० प्रतिशत आर्थिक सामाजिक तथा भौतिक पुर्वाधारतर्फ रु १ करोड ७४ लाख ५० हजार र प्रर्वद्धनात्मक तर्फ ४० प्रतिशतले हुने रु १ करोड १८ लाख वजेट व्यवस्था गरेको छु ।

आदरणीय नगरवासीहरु,

अव म, विभिन्न विशेष कोषहरुको व्ययको अनुमान प्रस्तुत गर्नगई रहेको छु । महिला लक्षित कार्यक्रममा विनियोजन गरेको वजेट र वालवालिका लक्षित कार्यक्रममा व्यवस्था गरेको वजेट महिला तथा वाल विकास विशेष कोषमा राखी खर्च गर्ने व्यवस्था मिलाएको छु भने अन्य लक्षित वर्गमा विनियोजित रकम गरीवी निवारण तथा सामुदायीक परिचालन विशेष कोषमा राखी खर्च गर्ने व्यवस्था गरेको छु ।

| सि.नं. | कोषको नाम | वजेट रु |
|---|---|---|
| १, | मर्मत सम्भार विशेष कोष | ६७ लाख ९० हजार |
| २, | गरीवि निवारण तथा सामुदायीक परिचालन विशेष कोष | ५५ लाख ६८ हजार ७५० |
| ३, | दैवि प्रकोष उद्धार विशेष कोष | १४ लाख ९० हजार |
| ४, | महिला तथा वाल विकास विशेष कोष | ६६ लाख ३१ हजार २५० |
| ५, | वातावरणीय व्यवस्थापन विशेष कोष | ९ लाख ९० हजार |

**केही चुनौती र उपलव्धीहरु**

आ.व. २०७२/२०७३ मा हामीलाई वजेट कार्यन्वयनमा निम्न चुनौतिहरु आएका छन ।

१, लामो समयसम्म तराई वन्द रहनुले घर जग्गा रजिष्ट्रेशनमा वापतको अनुमानित आय कमी हुन सक्ने सम्भावना रहेको छ ।

३, आ.व.२०७२/२०७३ मा पनि घर जग्गा रजिष्ट्रेशन शुल्क न्यून प्राप्त भएमा केही योजनाहरु सम्पन्न गर्न कठिनाई पर्ने देखेको छु ।

४, जिल्ला विकास समितिवाट प्राप्त हुने राजश्व वाँडफाँड वापतको आम्दानी र वन क्षेत्रको आय गत विगत वर्षमा प्राप्त नभएको अवस्था छ ।

५, एकिकृत सम्पति कर आ.व. २०७२/२०७३ को श्रावण महिना देखि लागु गर्ने भनिएकोमा हालसम्म सो कार्यन्वयन गर्न सकिएको छैन ।

आ.व. २०७२/२०७३ मा निम्न उपलव्धहरु हासिल गर्न सफल भएका छौ ।

१, नगर यातायात गुरु योजना अन्तिम चरणमा तयार भई स्वीकृतीको लागी मन्त्रालयमा पेश भएकोछ ।

२, निजगढ नगरपालिका भवन निर्माणको लागि विभिन्न जग्गा दाताहरुवाट जग्गा प्राप्त भई सकेको हुदाँ यस आ.व. भित्र भवनको सुचना प्रकाशित गर्ने, सम्झौता गर्ने कार्य सम्पन्न गरीनेछ ।

३, सम्पूर्ण नगरवासीलाई सर्पदंशको सुविधा उपलव्ध गराई सर्पदर्श सेवा श्री प्राथमिक स्वास्थ्य केन्द्र, निजगढ मार्फत उपलव्ध गराईएको छ ।

उक्त सेवामा सहयोग गर्न चाहने दाताहरुले यस कार्यक्रममा सहयोग राशी समेत दान गर्न म अपिल गर्दछु साथै यस कार्यक्रमलाई अझ व्यवस्थित गर्न प्रत्येक वडामा वडा शहरी स्वास्थ्य सेवा सन्चालन गरी सर्पदंश लगायत अन्य सेवा प्रदान गर्ने निति लिएको छु ।

४, नगर विकास कोषसंग सम्झौता गरी सौर्य सडक वत्ति जडानको कार्य अन्तिम चरणमा पुगेको छ ।

५, शहिद हिरालाल पार्कमा भ्यू टावर निर्माण गर्ने लक्ष्य राखिएको छ । जुन नगर विकास कोषमा स्वीकृतीको लागि पेश भई सकेको छ । यसै आ.व.मा सो कार्य पुरा गर्ने लक्ष्य राखिएको छ ।

६, सामाजिक सुरक्षा भत्ता श्री प्रभु बैंक, निजगढ र अपाङ्गको सामाजिक सुरक्षा भत्ता श्री कृषि विकास बैंक, निजगढमार्फत भुक्तानी गरीएको छ ।

अव म, आ.व. २०७२/२०७३ को दोश्रो नगर परिषदद्धारा पारित निति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै सोमा केही संसोधन गरी आ.व. २०७३/२०७४ को लागी निम्नानुसार निति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

## **"हाम्रो नगर हाम्रो शान, स्मार्ट सिटी (**SMART CITY) **निर्माण, हाम्रो अभियान"**

१. **लक्ष्यः** स्वच्छ, उद्यमशील, सृजनशील, समन्यायिक, समुन्नत, दीगो, पूर्वाधार सहितको SMART CITY नगरतर्फ उन्मुख हुने ।

२. **उद्देश्यः**

- वातावरणमैत्री हरित नगरको निर्माण गर्नु '।
- दीगो पुर्वाधार विकास गर्नु ।
- सृजनशीलता, समन्यायिक र सम्मुन्नत शहरको निर्माण गर्नु ।

३ **प्राथमिकताः**

- आधारभुत भौतिक संरचना
- वातावरण संरक्षण ।
- दीगो शहरी पूर्वाधार र समावेशी विकास
- भ्रष्टचारमा शून्य सहनशीलता

४ **नितिहरुः**

१. **भवन निर्माण तथा वस्ती विकास :**

**"**SMART **शहर, हामी सवैको रहर !"**

- भू-उपयोग योजनालाई कार्यन्वयन गरिनेछ, भू-उपयोग योजनाले निषेध गरेको क्षेत्रमा भवन निर्माण कार्यमा रोक लगाइने छ । जग्गाको Zoning गरी आवासिय क्षेत्र, कृषि क्षेत्र, औद्योगीक क्षेत्र तथा व्यापारिक क्षेत्रमा विभाजन गरीने छ ।
- व्यवस्थीत बसोबाँसको लागि मापदण्ड बनाई कुनै एक स्थानमा Land Pooling कार्यक्रम संचालनमा ल्याइने छ ।
- राष्ट्रिय भवन संहिता २०६० र भवन निर्माण सम्बन्धी मापदण्ड २०७१ कार्यन्वयनमा ल्याइने छ ।
- नगरपालिकामा रहेका पुराना घरहरु जोगाउन Retrofitting योजना संचालनमा ल्याइने छ ।
- नगरयातायात गुरुयोजनाले व्यवस्था गरेको सडकको Right of way को मापदण्ड कार्यन्वयनमा ल्याइने छ ।
- E-Building Permission कार्यको थालनी गरिने छ ।
- सडक विस्तारलाई अभियानकै रुपमा संचालन गरिने छ ।
- नगरपालिकामा रहेका घर तथा सडकहरुको Metric प्रणाली शुरु गरिने छ ।

- नगरपालिकामा नगरपालिका क्षेत्र भित्रकै जनशक्तिलाई Cost Effective Housing वा Green Home निर्माण सम्बन्धी तालिम प्रदान गरी सो अनुरुपका भवन निर्माण गराउन प्रेरित गरिने छ ।

## २. वातावरण व्यवस्थापनः

**"स्वच्छ स्वस्थ्य, सफा शरिर, स्वच्छ शहर वनाऔं पहिचान,**
**हरियाली वातावरण, शुन्य दुर्गन्ध वनाऔ अभियान"**

- वातावरणमैत्री स्थानीय शासन कार्यन्वयनमा ल्याइने छ । घर परिवार तहको, वडा र नगर तहकै वातावरण मैत्री स्थानीय शासनको आधारभुत र विकसित सुचकहरु कार्यन्वयनमा ल्याइने छ ।
- फोहोर मैला व्यवस्थापनमा 4R को शिद्धान्त अपनाइने छ । आफ्नो नगर क्षेत्रका घरहरुमा भान्साको फोहोरहरुलाई सड्ने र नसड्ने फोहोरमा विभाजन गरी घर भित्र कम्पोष्ट मलको रुपमा प्रयोगमा ल्याउन सक्ने व्यवस्था मिलाइने छ ।
- व्यवस्थित Zero Land fill Site को कार्यक्रम संचालनमा ल्याइने छ ।
- घरघरमा वर्षातमा कम्पाउण्ड भित्र परेको पानीलाई ढल वा नालीमा नपठाई कम्पाउण्ड भित्र जमीन मुनी Recharge गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ ।
- वातावरण मन्त्रालयबाट स्वीकृत मापदण्ड अनुरुप प्लाष्टिक प्रयोगमा बन्देज लगाइने छ ।
- नगरपालिकाको मुल सडकमा दायाँबायाँ वृक्षारोपण गरी हरियाली कायम गरिने छ ।
- २०७२ फाल्गुणको पहिलो हप्ता भित्र निजगढ नगरपालिकालाई खुला दिशामुक्त नगर घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- लैगिक मैत्री शौचालय नभएका विद्यालयहरुमा नगरपालिकाले अन्य संरचनामा कुनै पनि लगानी गरिने छैन् ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७० मा उल्लेखित कार्यालयका सुचकहरु कार्यान्वयनमा ल्याइने छ ।
- समुदायमा आधारित तथा सार्वजानिक निजी साझेदारीको प्रारुपमा फोहोरमैला व्यवस्थापन गरिनेछ ।
- बोटानिकल गार्डेन वा सार्वजानिक पार्क व्यवस्था गर्न लगानी केन्द्रीत गरिने छ ।
- फोहोर मैला व्यवस्थापन ऐन को कार्यान्वयन गरिने छ । ऐन विपरित कार्य गरेमा दण्ड जरिवाना गरिने छ ।

- नगद सहभागीतामा आधारित सौर्य सडक वत्ति जडान कार्यलाई निरन्तरता दिईने छ ।
- मुहान संरक्षण, पोखरि निर्माण तथा तालतलैयाको संरक्षणमा लगानी केन्द्रित गरिनेछ ।

**३. प्रकोप व्यवस्थापनः**

**"विपत्ति आउछ विना सुचना, समयमै वनाउ प्रकोप व्यवस्थापनको योजना"**

- नगरपालिकाको प्रकोप व्यवस्थापन योजना बनाई क्षेत्रगत लगानीलाई प्राथमिकता दिइने छ ।
- निश्चित क्षेत्रलाई खुल्ला क्षेत्र तोक्न आवश्यक प्रक्रियाको थालनी गरिने छ ।
- २४ सैं घण्टा चालु हुने दमकलको व्यवस्था गरिने छ ।
- सर्पदशं उपचार कार्यक्रमलाई व्यवस्थित गरिदै लगिने छ ।
- वायो इन्जिनियरिङ्गमार्फत नदि, नाला नियन्त्रण गर्नको लागी सम्वन्धित निकायमा पहल गरीनेछ ।

**४. समुदाय परिचालन तथा सामाजिक सुरक्षाः**

**"पुर्खाले रचे यीनैले गांसे, जोगाए अभिमान, अनुभवको किताव जेष्ठ नागरीकलाई गरौं आत्मीय सम्मान" ।**

- वडा नागरिक मञ्चको विस्तार गरी क्रियाशिलतामा जोड दिइने छ ।
- टोल सुधार समिति, नागरिक सचेतना केन्द्रको गठन तथा विस्तार गरिने छ ।
- सामुदायको सहकार्यमा मुल सडकको वरपर सौर्यउर्जाको माध्यमबाट सडक बत्तीको ब्यवस्था गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता बैक मार्फत वितरण गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- City Civil Code बनाई लागु गरिने छ ।
- स्थानीय सहकारीहरुसंग सभ्केदारीमा कार्यकमहरु सञ्चालन गरिने छ ।

**५. आर्थिक प्रशासन तथा राजस्व परिचालनः**

**"आर्थिक पारदर्शिता , लगानी सुनिश्चितता"**

- राजस्व पद्धितीलाई व्यवस्थीत गरिने छ । करदाताहरुलाई Mobile Tax Payment Service लागु गरिनेछ ।
- यसै आर्थिक वर्षदेखी वा आगामी आर्थिक वर्षदेखि एकिकृत सम्पत्तीकर कार्यान्वयनमा ल्याइनेछ ।
- व्यवसाय करको नक्साकन गरी करदातालाई करको दायरा भित्र ल्याइने छ । करदाता मैत्री वातारणको सिर्जना गरिने छ ।
- आन्तरिक आय वृद्धि गर्ने कार्यहरु संचालन गरिने छ ।

- शून्य पेश्की अभियानलाई निरन्तरता दिईनेछ ।
- प्रोदभावी लेखा पद्धति अपनाइने छ ।
- ठेक्का पद्धतिमा E-biding पद्धति लागु गरिने छ ।

६. **वालमैत्री स्थानीय शासनः**

**“हाम्रो नगर राम्रो शहर हाम्रो अभिभारा, सृजनशिल बालविकास यी हुन भविष्यको तारा ”**

- बालमैत्री स्थानिय शासनका सुचकहरु कार्यान्वयनमा ल्याइने छ ।
- यसै आर्थिक वर्ष देखि वा आगामि आर्थिक वर्ष भित्र निजगढ नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने तर्फ आवश्यक प्रकृयाको थालनी गरिने छ ।
- वालश्रम उन्मूलनका विशेष कार्यक्रमहरु संचालन गरिने छ ।
- एक वडा एक वालमैत्री पार्क निर्माण गर्ने निति लिइने छ ।

७. **सार्वजानिक सम्पत्तीको संरक्षण :**

**“हामीले नगरे कस्ले गर्ने, अहिले नगरे कहिले गर्ने ”**

- अग्रगामी सोचका साथ सार्वजानिक सम्पतीको संरक्षणमा सतर्कता अपनाइने छ ।
- नगर क्षेत्रमा रहेका सार्वजानिक जमीन तथा सम्पत्तीको लगत राखी संरक्षणको आवश्यक व्यवस्था गरिने छ ।
- यसै आर्थिक वर्ष देखि सडकको मापदण्ड अनुसार सडक व्यवस्थापन गरीने छ ।
- सडकमा रहेका घुम्ती पसलहरुलाई निरुत्साही गरीने छ ।

८. **पर्यटन विकासः**

**“विमानस्थल,फास्ट ट्रयाक दिने हाम्रो सुन्दर शहर, निजगढ नगर घुम्न रहोस रहर“**

- ऐतिहासिक महत्वको स्थलहरुको पहिचान र संरक्षण गरी पर्यटन विकासमा जोड दिइने छ ।
- नगरमा View Tower तथा रंगशाला निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- पर्यटन मन्त्रालयको समन्वयमा कम्तीमा एक वस्तीमा Home stay कार्यक्रम संचालन गरिने छ ।

- नगरपालिकाले देश भित्र वा देश वाहिरका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रकृया थालनी गर्नेछ ।
- इतिहासविद वा पुरातत्ववीदको सहायतामा ऐतिहासिक व्यक्ति वा घटनासंग जोडिएका ऐतिहासिक स्थल पहिचान गरी शिलालेखमा विवरण राखी सो स्थललाई पर्यटकिय स्थल प्रवर्द्धन गर्ने निति लिइने छ ।

## ९. पुर्वाधार विकास :

**"शहरी विकास अभियानमा जनसहभागिता, दीगो पुर्वाधार विकास आजको आवश्यकता"**

- दीगो पूर्वाधार विकासमा जोड दिइने छ ।
- नगर क्षेत्रमा संचालन हुने नगर स्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड बनाई गुणस्तर कार्यान्वयन गरिने छ ।
- नगरको समग्र विकासको लागि समग्र नगर विकास योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- यसै आर्थिक वर्ष भित्र नगर यातायात गुरुयोजना बनाई लागु गरिने छ ।
- Centre of Excellence बनाउन ISO 1400 प्राप्त गर्न कार्य योजना निर्माण गरी लागु गरिने छ ।
- राष्ट्रिय गौरवका आयोजनाहरु अर्न्तराष्ट्रिय विमानस्थल तथा निजगढ काठमाण्डौं द्रुतमार्ग निर्माण कार्यलाई थप गतिशिल बनाउन केन्द्रीय स्तरमा आवश्यक पहल गरिने छ ।

## १० जन स्वास्थ्यतर्फ :

**"स्वस्थ जीवन, सुखी जीवन "**

- स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक, योगध्यान केन्द्रहरु संचालनमा ल्याइने छ ।
- माछा मासु विक्रीको मापदण्ड बनाई लागु गरिने छ ।
- ब्यवस्थीत पशुवधशाला निर्माणमा लगानी केन्द्रीत गरिने छ ।
- खाद्य विक्री बस्तु वितरणमा अनुगमन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- एक वडा एक शहरी स्वास्थ क्लिनिकको ब्यवस्था मिलाइने छ ।

## ११. नगरको पहिचान तर्फः

**"एक शहर एक वस्तु उत्पादन, वनाउ निजगढ नगरको राष्ट्रिय पहिचान "**

- स्थानीय उद्योग तथा व्यापारसँग सम्बन्धित संस्थाहरुसँग संमन्वयन गरी नगरपालिकाको पहिचानको रुपमा एकवस्तु, एकनगरको अवधारणा अनुसार एकवस्तु विकास गरी उत्पादन तथा विक्री गर्न कार्यक्रम संचालन गरिने छ ।

## १२. कर्मचारी प्रशासन र भ्रष्टचार नियन्त्रण :

**"भ्रष्टचारमा शुन्य सहनशिलता, शुसासन र क्षमता विकास आजको आवश्यकता"**

- कर्मचारीको क्षमता अभिवृद्धी गर्न सिप विकास कार्यक्रमहरु संचालन गरिने छ ।
- कर्मचारीको थप कार्य क्षमता वृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइने छ ।
- Reward and Punishment को निति अवलम्वन गरिने छ ।
- यसै आ.व. २०७२।२०७३ भित्र कार्यकारी अधिकृत र अन्य कर्मचारी बीच कार्य सम्पादन सम्झौता करार गरी क्षमता मापन गरिने छ ।
- कर्मचारीको आचारसहिंताको कडाईका साथ कार्यान्वयन गरिने छ ।
- भ्रष्टचारमा शून्य सहनशीलता घोषणा गर्ने कार्यक्रम संचालन गरिने छ ।

## १३. सूचना प्रविधि सम्बन्धी नितिः

**"हातहातमा मोवाईल, घरघरमा इन्टरनेट, सबैको चाहना !"**

**"प्रविधिवाट विश्व जोडने नगरको योजना !"**

- कार्यालयमा इन्टरनेटको प्रयोगलाई उच्च प्राथमिकता दिइने छ ।
- नगरपालिकाको प्रत्येक गतिविधिहरु Web site मार्फत सार्वजानिक गरिने नितिलाई निरन्तरता दिइने छ ।
- बालबालिकालाई सूचना प्रविधिको ज्ञान दिलाउन E- Library स्थापनामा जोड दिइने छ ।
- लक्षित वर्गको लगानी कम्प्यूटर शिपमा केन्द्रीत गरिने छ ।
- Web Based Relationship मा जोड दिइने छ ।
- यसै आर्थिक वर्ष २०७२।२०७३ भित्र डिजिटल नागरिक वडापत्रको ब्यस्था मिलाइने छ ।
- Face book Information service मार्फत जनमैत्री सुचना पद्धती अपनाइने छ ।
- Digital Friendly पत्रकारीता प्रर्द्धदन तथा स्थानिय पत्र कारीतालाई सुचना प्रविधि मैत्री वनाउन लगानी केन्द्रित गरिने छ ।
- स्थानिय स्तरमा सहकारीतामा आधारीत F.M. सन्चालनमा आवश्यक पहल गरीने छ ।

**१४. बैकल्पिक उर्जा प्रवर्द्धन सम्बन्धि निति :**

**"सवै नेपालीको रहर, गरौ वैकल्पिक उर्जा प्रवर्द्धन, वनौ आत्म निर्भर"**

- भवन निर्माण अनुमति लिदां घरमा अनिवार्य सौर्य उर्जा जडान हुनुपर्ने मापदण्ड तयार गरिने छ ।
- वायोग्यास,व्रिकेटको उत्पादन तथा सिप विकासमा लगानी केन्द्रित गरिने छ ।
- वायु उर्जा प्रवर्द्धन गरिने छ ।
- Mini Solar electricity Project कार्यान्वयनमा सम्बन्धित निकायमा पहल गरिने छ ।

अन्तमा, यस निजगढ नगर परिषद् बैठकलाई सम्पन्न गर्न सहयोग गर्ने प्रमुख अतिथि ज्यु, कर्मचारी साथीहरु, वडा नागरिकका मञ्चका प्रतिनिधिहरु, राजनितीक दलहरु तथा अन्य विशिष्ट व्यक्तित्वहरु साथै पत्रकार मित्रहरु, यस नगरपालिकालाई भवन निर्माण गर्न निशुल्क जग्गा उपलव्ध गराउने जग्गा दाता श्री चन्द्र वहादुर गुरुङ्ग, श्री सुन्तली कुमारी सार्की, श्री टेम नाथ तिमल्सीना, श्री नवराज तिमल्सीना श्री चित्र कुमार तिमल्सीनालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**विमल कुमार पोखरेल**
**प्रमुख तथा कार्यकारी अधिकृत**